# भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड ३ भक्तपुर, असार२९गते, २०७६ साल संख्या १


## भाग १

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको पाँचौ नगर सभा २०७६ बाट पारित भएको तल लेखिए बमोजिमको विनियम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत् २०७६ सालको विनियम

## ख्वप उच्च माध्यमिक विद्यालय
## विनियम
## २०६५

सर्वसाधारण जनताका छोराछोरीहरुलाई कम शुल्कमा उच्च शिक्षा प्रदान गर्न, समाजलाई बुद्धिजीविकरण गर्ने काममा सहयोग गर्न, नयाफ्ुस्तालाई एक्काइसौं शताब्दीका चुनौतीहरु सामना गर्न सक्ने बनाउन, शिक्षालाई उत्पादन श्रमसफ मिलाउन र श्रमलाई सम्मान गर्ने नागरिक तयार गर्न उच्च माध्यमिक शिक्षा परिषद्को सम्बन्धनमा भक्तपुर नगरपालिकाबाट स्थापना र सञ्चालन भएको ख्वप उच्च मा.वि.को शैक्षिक, आर्थिक र प्रशासनिक बन्दोबस्त अभ्र व्यवस्थित गर्न बान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम भक्तपुर नगरपालिकाको पाचौ नगर सभाले यो ख्वप उच्च मा.वि.को विनियम, २०६५ लाई संशोधन गरी लागू गरिएको छ ।

### परिच्छेद¨१
### नाम र प्रारम्भ

१. नाम: यस विनियमको नाम ख्वप उच्च मा.वि.को विनियम, २०६५ रहेको छ ।

२. प्रारम्भ: यो विनियम २०६५ मंसिर ९ गतेदेखि लागू हुनेछ ।



# २०७५ भदौ ३१ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

@ भनपाको मिति मिति २०७४ असार १६ गतेको बोर्ड निर्णयअनुसार सञ्चालक समिति पुनर्गठन गरिएको

* २०६६ असार १८ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

& २०७४ साउन १४ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

३. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियममा :

१. ”सञ्चालक समितिप भन्नाले विनियमको नियम (६) बमोजिमको उच्च मा.वि. को सञ्चालक समितिलाई बुझाउँछ ।

२. ”उच्च मा.वि.को निर्णयप भन्नाले उच्च मा.वि. सञ्चालक समितिको निर्णयलाई जनाउँछ ।

३. ”अध्यक्षप भन्नाले उच्च मा.वि. सञ्चालक समितिको अध्यक्षलाई जनाउँछ ।

४. ”उच्च मा.वि.प भन्नाले ख्वप उच्च मा.वि. लाई बुझाउँछ ।

५. ”प्राचार्यप भन्नाले उच्च मा.वि.को प्राचार्यलार्य बुझाउँछ ।

५.क. ”उपप्राचार्यप भनाले विद्यालयको उपप्राचार्यलाई बुझाउँछ ।[#]

६. ”कार्यक्रम समितिप भन्नाले विनियमको नियम (१६) बमोजिम गठन भएको कार्यक्रम समिति सम्झनुपर्छ ।[*]

७. ’विभागप भन्नाले उच्च मा.वि.को विभागहरु सम्झनुपर्छ ।

८. ’परीक्षा समितिप भन्नाले विनियमको नियम १८ बमोजिम गठन भएको परीक्षा समिति सम्झनुपर्छ ।[*]

९. ”उच्च मा.वि. सेवाप भन्नाले पूरा वा आंशिक समय काम गर्ने शिक्षक र कर्मचारीको सेवा सम्झनुपर्छ ।

१०. ’शिक्षकप भन्नाले उच्च मा.वि. को अध्यापन सेवामा नियुक्ति भएका प्राचार्यसमेतलाई सम्झनुपर्छ ।

११. ”कर्मचारीप भन्नाले अध्यापन र अनुसन्धान कार्य बाहेक उच्च मा.वि.को प्रशासनिकलगायत सेवामा संलग्न प्रशासनिक व्यक्तिलाई सम्झनुपर्छ ।

१२. ”परिषदप भन्नाले उच्च माध्यमिक शिक्षा परिषदलाई सम्झनुपर्छ ।

१३. ’परीक्षा प्रमुखप भन्नाले उच्च मा.वि.को परीक्षा विभागको प्रमुख सम्झनुपर्छ ।

१४. ’विभागीय प्रमुखप भन्नाले सञ्चालक समितिबाट गठित विभागषशाखाको प्रमुख सम्झनुपर्छ ।

१५. ’बजेटप भन्नाले सञ्चालक समितिद्वारा पारित आयव्ययको वार्षिक अनुमानलाई सम्झनुपर्छ र यस शब्दले स्वीकृत पूरक बजेटलाई समेत जनाउँछ ।

१६. ’निकासाप भन्नाले पारित बजेटअन्तर्गत रही भक्तपुर नगरपालिकाले उच्च मा.वि.लाई दिने निकासा सम्झनुपर्छ ।

१७. ’ऐन नियमप भन्नाले स्थानीय स्वायत्त शासन ऐन २०५५ र स्थानीय स्वायत्त शासन नियमावली २०५६ लाई बुझाउँछ ।

१८. अटुट सेवा भन्नाले विद्यालयमा पूर्णकालीन करार वा अस्थायी सेवामा निरन्तर सेवा गरेकोलाई जनाउँछ ।[#]



[#] २०७५ भदौ ३१ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

[@] भनपाको मिति मिति २०७४ असार १६ गतेको बोर्ड निर्णयअनुसार सञ्चालक समिति पुनर्गठन गरिएको

[*] २०६६ असार १८ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

[&] २०७४ साउन १४ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

१९. 'परिवार' भन्नाले पूर्णकालीन शिक्षक वा पूर्णकालीन कर्मचारीसँग एकाघरमा बस्ने तथा निज आफैले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बुबा, आमा वा सौतेनी आमा सम्झनुपर्छ र सो शब्दले पुरुष कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा महिला कर्मचारीको हकमा निजको सासु, ससुरालाई समेत जनाउँछ ।#

४. उच्च मा.वि. को छाप: उच्च मा.वि. प्रयोजनको लागि अनुसुची १ मा लेखिएबमोजिमको उच्च मा.वि.को छुट्टै छाप हुनेछ ।

५. साक्षठनिक संरचना : यस उच्च मा.वि.को अनुसुची २ मा लेखिए बमोजिमको साक्षठनिक संरचना हुनेछ ।

## परिच्छेद २
## सञ्चालक समिति

६. देहाय बमोजिमको ख्वप उच्च मा.वि.को एउटा सञ्चालक समिति हुनेछ :@

१. अध्यक्ष: सुनिल प्रजापति, भक्तपुर नगरपालिका प्रमुख
२. उपाध्यक्ष: रजनी जोशी, उपप्रमुख, भक्तपुर नगरपालिका
३. सदस्य : रवीन्द्र ज्याख्व, वडा अध्यक्ष, भनपा वडा नं. ९
४. सदस्य : हरिराम सुवाल, वडा अध्यक्ष, भनपा वडा नं. ६
५. सदस्य सचिव : प्राचार्य

७. बैठक, गणपूरक सङ्ख्या

१. सञ्चालक समितिको बैठक समितिका अध्यक्षको अध्यक्षतामा कम्तिमा महिनाको एकपटक र आवश्यकताअनुसार बस्नेछ ।
२. पचास प्रतिशत सदस्यको उपस्थितिलाई बैठकको गणपूरक सङ्ख्या मानिनेछ ।
३. कुनै सदस्य विनासूचना लगातार ३ पटक बैठकमा अनुपस्थित भएमा निजलाई सदस्यताबाट हटाउन सक्नेछ ।

८. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार:

१. उच्च मा.वि.को आवश्यकताअनुसार दैनिक ज्यालादारी, करार, अस्थायी, स्थायी किसिमका शिक्षक र कर्मचारीहरुको नियुक्ति कार्य विवरण समेत तोकी गर्ने ।
२. उच्च मा.वि.को वार्षिक बजेट तयार गरी पारित गर्ने ।
३. वार्षिक रुपमा उच्च मा.वि.को आर्थिक, शैक्षिक, प्रशासनिक प्रतिवेदनमाथि समीक्षा गरी आवश्यक नीति बनाउने र निर्देशन दिने ।
४. उच्च मा.वि.को भौतिक पूर्वाधार निर्माण, सम्भार र सुरक्षाको लागि आवश्यक समितिहरु गठन गर्ने ।



# २०७५ भदौ ३१ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधन थप गरिएको
@ भनपाको मिति मिति २०७४ असार १६ गतेको बोर्ड निर्णयअनुसार सञ्चालक समिति पुनर्गठन गरिएको
* २०६६ असार १८ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधन थप गरिएको
& २०७४ साउन १४ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधन थप गरिएको

५. आवश्यकताअनुसार मातहतका पदाधिकारी, शिक्षक र कर्मचारीहरुलाई अधिकार प्रत्यायोजन गर्ने ।
६. कुनै कारण रिक्त रहन गएको सञ्चालक समितिका सदस्य मनोनयन गर्ने ।
७. शिक्षक र कर्माचारीहरुको सेवा सुविधा निर्धारण गर्ने ।
८. छात्रवृत्तिको बन्दोवस्त गर्ने ।
९. विद्यार्थीहरुको आचारसंहिता पारित गर्ने ।
१०. नियम ५८ को (२) बमोजिम सजाय गर्ने ।
११. उच्च मा.वि. स्थापना दिवस, प्रदर्शनी र मेलाको सञ्चालन गर्ने ।
१२. विद्यार्थी भर्नाको नीति बनाउने ।
१३. उच्च मा.वि.बाट निर्धारित शुल्कका अतिरिक्त उच्च मा.वि. विकाशका लागि अन्य शुल्कहरु लगाउने ।
१४. समय समयमा शिक्षक र कर्मचारीहरुको बैठक बोलाई आवश्यक निर्देशन दिने ।
१५. आवश्यकताअनुसार विनियम संशोधन गर्ने र उपनियमहरु बनाउने ।

**९. अध्यक्षको काम, कर्तव्य र अधिकार**

१. बैठक बोलाउने ।
२. बैठकमा अध्यक्षता गर्ने र विषयको पुष्ट्याई, व्याख्या र विश्लेषण गर्ने ।
३. बैठकको विषयमा सदस्यहरुको पालैपालो मत लिने ।
४. बहुमतको आधारमा निर्णय लिने ।
५. मत बराबर भएमा निर्णायक मत दिने ।
६. बैठकको निर्णय प्रमाणित गर्ने ।
७. प्राचार्यको बिदा स्वीकृत गर्ने, भ्रमण आदेश दिने, भ्रमण खर्चको लागि पेश्की दिने ।
८. सञ्चालक समितिको निर्णयबमोजिम प्राचार्यलाई नियुक्ति पत्र दिने र प्राचार्यको अनुपस्थितिमा निमित्त प्राचार्यको जिम्मेवारी दिन प्राचार्यलाई सहमति दिने ।
९. उच्च मा.वि.को हितमा काम गर्न प्राचार्य र अन्य शिक्षक एवं कर्मचारीहरुलाई निर्देशन दिने ।
१०. अत्यावश्यक शिक्षक, कर्मचारी सञ्चालक समितिको बैठकबाट अनुमोदन गर्ने गरी नियुक्ति गर्न प्राचार्यलाई अनुमति दिने ।
११. सञ्चालक समितिका पदाधिकारीहरुको भ्रमण आदेश दिने ।
१२. सञ्चालक समितिको निर्णयबमोजिम प्राचार्यले पाउने सवारी साधन र कम्प्युटरलगायत सुविधाको माग फाराम स्वीकृत गर्ने ।



# २०७५ भदौ ३१ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

@ भनपाको मिति मिति २०७४ असार १६ गतेको बोर्ड निर्णयअनुसार सञ्चालक समिति पुनर्गठन गरिएको

* २०६६ असार १८ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

& २०७४ साउन १४ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

**१०. उपाध्यक्षको काम, कर्तव्य र अधिकार:**

१. अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षको काम, कर्तव्य र अधिकारबमोजिम काम गर्ने ।

## परिच्छेद ‥३
## प्राचार्यको काम, कर्तव्य र अधिकार

**११. विद्यालयमा एक पूर्णकालीन सेवारत प्राचार्य र उपप्राचार्यहरुको व्यवस्था हुनेछ ।**[#]

१. प्राचार्यको पदावधि सञ्चालक समितिको निर्णयअनुसार हुनेछ ।

२. प्राचार्य सञ्चालक समितिको पदेन सदस्यसचिव हुनेछ ।

३. प्राचार्यको सेवा र सुविधा सञ्चालक समितिको निर्णयबमोजिम हुनेछ ।

१२. **प्राचार्य (प्रिन्सिपल)**

**१२. क प्राचार्यको काम, कर्तव्य र अधिकार:**[#]

१. उच्च मा.वि. सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्ने । शैक्षिक, आर्थिक तथा प्रशासनिक जिम्मेवारी लिई उच्च मा.वि. सञ्चालन गर्ने गराउने ।

२. राम्रो काम गर्ने शिक्षक तथा कर्मचारीलाई ग्रेड वृद्धिको सिफारिस गर्ने र उच्च मा.वि.को हितविपरीत र कर्तव्यपालना नगर्ने शिक्षक कर्मचारीहरुलाई कारवाही गर्ने ।

३. शिक्षक र कर्मचारीको कार्य सम्पादनको मूल्या; न गर्ने, विभागहरुको गठन र कर्मचारीको कामको बाँडफाँड तथा बिदा स्वीकृत गर्ने, गराउने । साथै आवश्यकताअनुसार अतिरिक्त समयमा कार्य गराउने ।

४. शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरुलाई कलेज आफ्नै हो भन्ने भावना जगाउन आवश्यक कार्यक्रमहरु गर्ने ।

५. सम्बन्धित निकायमा शिक्षक, कर्मचारीको दरबन्दी सिफारिस गर्ने र राय सुझाव तथा बजेट तयार गरी सञ्चालक समितिमा पठाउने ।

६. उच्च मा.वि.को सम्पत्तिको लेखाजोखा राख्ने, सम्भार तथा सुरक्षा गर्ने, सञ्चालक समिति वा अध्यक्षको स्वीकृतिमा मिनाहा दिने र काम नलाग्ने मालसामान लिलाम गर्ने, गराउने ।

७. विभाग वा अन्य समितिहरुको शैक्षिक कार्यक्रमको तर्जुमा, कार्यान्वयन तथा समन्वय गर्ने, गराउने ।

८. शैक्षिक तालिका व्यवस्थित गरी सञ्चालन गर्ने, गराउने ।

९. आवश्यकताअनुसार शिक्षक, कर्मचारी र विद्यार्थीसमेतलाई सहभागी गराई उच्च मा.वि. सञ्चालन तथा विकासको लागि समिति, उपसमिति बनाई



[#] २०७५ भदौ ३१ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनथप गरिएको

[@] भनपाको मिति मिति २०७४ असार १६ गतेको बोर्ड निर्णयअनुसार सञ्चालक समिति पुनर्गठन गरिएको

[*] २०६६ असार १८ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनथप गरिएको

[&] २०७४ साउन १४ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनथप गरिएको

सोमार्फत काम गराउने ।

१०. उच्च मा.वि.मा शान्ति सुरक्षाको व्यवस्था मिलाउने ।

११. बजेटको परिधिभित्र रही खर्च गर्ने ।

१२. शिक्षक कर्मचारीलाई कामको प्रकृति हेरी मूल्या; नको आधारमा पुरस्कारको व्यवस्था गर्न सञ्चालक समितिमा पेश गर्ने ।

१३. विद्यार्थी आचारसंहिताविपरीत कार्य गर्ने विद्यार्थीलाई कारबाही, निष्काशन वा अन्य सजाय गर्ने ।

१४. उच्च मा.वि.को लागि तत्काल आवश्यक भएमा अध्यक्षसफ अनुमति लिई बढीमा ६ महिना वा एक सेमेष्टरको लागि करारषआंशिक शिक्षक नियुक्ति गर्ने ।

१५. प्राज्ञिक विकासको लागि शैक्षिक गोष्ठीहरु सञ्चालन गर्ने ।

१६. अध्यक्षसफ स्वीकृति लिई विभागीय प्रमुखषस; ाय प्रमुखहरुको नियुक्ति दिने ।

१७. अध्यक्षको निर्देशनमा सञ्चालक समितिको बैठक बोलाउने ।

१८. तोकिए बमोजिम अन्य कामहरु गर्ने गराउने ।

१९. कार्यालय प्रमुखले गर्ने कार्य प्राचार्यले गर्नेछ ।#

**१२. ख. उपप्राचार्यको काम, कर्तव्य र अधिकार**#

प्राचार्यको अनुपस्थितमा उपप्राचार्यले आर्थिक बाहेक प्राचार्यले गर्ने दैनिक तथा प्रशासनिक कार्य गर्नेछ ।#

## परिच्छेद ४
## उच्च मा.वि.को कोष र सम्पत्ति

**१३. उच्च मा.वि.को कोषः**

१. उच्च मा.वि.को कोषमा देहायबमोजिमको आम्दानी जम्मा हुनेछ :

क. विद्यार्थीहरुबाट उठेको पढाई शुल्कलगायत अन्य शुल्कहरु,

ख. भक्तपुर नगरपालिकाबाट प्राप्त अनुदान,

ग. आर्थिक सहयोगलगायत दान दातव्य र अन्य आम्दानी ।

२. उच्च मा.वि.को आम्दानी सोही दिन बै; मा दाखिला गर्नुपर्नेछ । उक्त दिन दाखिला गर्न नसकेको रकम भोलिपल्टै दाखिला गर्नेछ ।

३. उच्च मा.वि.को कोषको खर्च अध्यक्ष र प्राचार्यको संयुक्त दस्तखतमा वा संचालक समितिको निर्णयबमोजिम दुई जनाको संयुक्त दस्तखतमा सञ्चालन हुनेछ ।

४. सामान खरिद गर्नुपरेमा प्रचलित आर्थिक ऐन नियम अनुसार खरिद गर्नेछ ।

५. प्राचार्यलाई आवश्यक सामानको माग फाराममा अध्यक्ष वा उपाध्यक्षको स्वीकृति आवश्यक हुनेछ । शिक्षक तथा कर्मचारीलाई आवश्यक सामानको



# २०७५ भदौ ३१ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

@ भनपाको मिति मिति २०७४ असार १६ गतेको बोर्ड निर्णयअनुसार सञ्चालक समिति पुनर्गठन गरिएको

* २०६६ असार १८ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

& २०७४ साउन १४ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

माग फाराममा प्राचार्यको स्वीकृति आवश्यक हुनेछ । सो अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

६. शिक्षक तथा कर्मचारीलाई सवारी साधन, कम्प्यूटर र विद्युतीय सामानको सुविधा दिंदा वा जिम्मा लगाउँदा प्राचार्यको स्वीकृति आवश्यक हुनेछ ।

७. प्रशासन, लेखा, जिन्सी, पुस्तकालय शाखाले सम्बन्धित अधिकारीहरुको स्वीकृतिविना कुनै पनि सामान शिक्षक, कर्मचारी र अन्य कसैलाई जिम्मा दिने छैन ।

८. सवारी साधन सुविधा पाएका शिक्षक वा कर्मचारीले कार्यालयको प्रयोजनको लागि मात्र सवारी साधन प्रयोग गर्नेछ ।

९. सञ्चालक समितिका अध्यक्ष र पदाधिकारीहरुले उच्च मा.वि.को कामको सिलसिलामा सवारी साधन प्रयोग गर्नेछन् ।

१०. उच्च मा.वि.को सवारी साधन सुविधा पाएका शिक्षक र कर्मचारीले उच्च मा.वि.को कामको सिलसिलामा उपत्यका बाहिर सवारी साधन लानु परेमा अध्यक्ष र प्राचार्यको स्वीकृति आवश्यक हुनेछ ।

११. उच्च मा.वि.को वार्षिक आय व्ययको लेखा परिक्षण भक्तपुर नगरपालिकाद्वारा नियुक्त लेखा परीक्षकबाट हुनेछ ।

**१४. उच्च मा.वि.को सम्पत्ति उच्च मा.वि.को सञ्चालक समिति र प्राचार्यको संरक्षणमा रहनेछ ।**

## परिच्छेद ५
## विद्यार्थी भर्ना

**१५. कोटा, भर्ना समिति र झुकाव परीक्षा**

१. यो उच्च मा.वि. भक्तपुर नगरपालिकाबाट सञ्चालित भएको हुँदा देहायबमोजिम कोटा निर्धारण गरी विद्यार्थी भर्ना लिइने छ :

क. भक्तपुर नगरपालिका क्षेत्रका विद्यार्थी पचास प्रतिशत

ख. भक्तपुर जिल्ला (भनपा बाहेक) का विद्यार्थी पन्ध्र प्रतिशत

ग. भक्तपुर जिल्ला बाहिरका विद्यार्थी तीस प्रतिशत

घ. दुर्गम जिल्लाका विद्यार्थी पाँच प्रतिशत

२. प्रवेश परीक्षामा उत्तीर्ण विद्यार्थीहरुलाई झुकाव परीक्षासमेत लिन सञ्चालक समितिले पाँच सदस्यीय एक भर्ना समिति गठन गर्न सक्नेछ । भर्ना समितिले वैकल्पिक उम्मेदवारहरुमध्येबाट पहिलो सम्पर्कमा आउने विद्यार्थीलाई प्राथमिकता दिएर भर्ना लिन सक्नेछ ।



# २०७५ भदौ ३१ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनथप गरिएको

@ भनपाको मिति मिति २०७४ असार १६ गतेको बोर्ड निर्णयअनुसार सञ्चालक समिति पुनर्गठन गरिएको

* २०६६ असार १८ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनथप गरिएको

& २०७४ साउन १४ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनथप गरिएको

## परिच्छेद ६
## समितिको व्यवस्था

१६. **कार्यक्रम समिति** : सञ्चालक समितिले उच्च मा.वि.को विभाग र शाखाहरुको प्रतिनिधित्व हुने गरी प्राचार्यको अध्यक्षतामा एक कार्यक्रम समिति गठन गर्न सक्नेछ ।सो समितिको सदस्य सचिव प्रशासन शाखा प्रमुख हुनेछ ।

**१७. कार्यक्रम समितिको काम, कर्तव्य र अधिकार:**

१. सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्न प्राचार्यलाई सहयोग गर्ने ।
२. दैनिक शैक्षिक प्रशासन सञ्चालन गर्न प्राचार्यलाई सहयोग गर्ने ।
३. स; ायषविभागहरुबीच समन्वय गर्ने ।
४. स; ायषविभागहरुलाई आवश्यक शैक्षिक सामान, प्रयोगशालाका सामान र फर्निचरलगायत शैक्षिक वर्ष अगाडि नै सञ्चालक समितिमा पेश गर्न प्राचर्यालाई सहयोग गर्ने ।
५. स; ायषविभागीय प्रमुखहरुको सेवा र सुविधा सञ्चालक समितिको निर्णयअनुसार हुनेछ ।
६. अध्यक्ष वा पदाधिकारीहरुको विशेष उपस्थिति हुन सक्नेछ ।

१८. **परीक्षा समिति:** उच्च मा.वि.को शैक्षिक विभागहरुको प्रतिनिधित्व हुने गरी एक जना परीक्षा प्रमुखसहित परीक्षा समिति गठन गरिनेछ । परीक्षा समितिको कामको लागि विश्वविद्यालय र अन्य स्रोतबाट आएको रकमको आम्दानी खर्चको अभिलेख लेखा शाखाबाट हुनेछ । परीक्षा समितिका पदाधिकारीहरुको सुविधा सञ्चालक समितिको निर्णयअनुसार हुनेछ ।

१९. **परामर्श समिति:** सरकारी र गैरसरकारी कार्यालय तथा व्यक्ति वा कुनै संस्थाको कार्यमा उच्च मा.वि.बाट परामर्श सेवा उपलब्ध गराउन एक जना परामर्श प्रमुखसहित परामर्श समिति गठन गर्न सकिनेछ । परामर्श समितिका पदाधिकारीहरुको सेवा सुविधा सञ्चालक समितिको निर्णय अनुसार हुनेछ ।

## परिच्छेद ··७
## सेवाका पद तथा श्रेणीहरु

२०. **दरबन्दीको सिर्जना** : उच्च मा.वि.मा आवश्यक शिक्षक तथा कर्मचारीहरुको दरबन्दी उच्च मा.वि. संचालक समितिले निर्धारण गर्नेछ ।

१. **पद तथा श्रेणीहरु** : उच्च मा.वि.मा देहायका पद तथा श्रेणीहरु रहनेछन् :

| **क. शिक्षकतर्फ योग्यता** | **शुरु तलब** |
|---|---|
| १. प्राध्यापक | :नेपाल सरकारको स्केल |
| २. सहप्राध्यापक | :नेपाल सरकारको स्केल |
| ३. उपप्राध्यापक | :नेपाल सरकारको स्केल |



#२०७५ भदौ ३१ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको
@भनपाको मिति मिति २०७४ असार १६ गतेको बोर्ड निर्णयअनुसार सञ्चालक समिति पुनर्गठन गरिएको
*२०६६ असार १८ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको
&२०७४ साउन १४ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

४.  सहायक प्राध्यापक :नेपाल सरकारको स्केल

५.  प्रशिक्षक :नेपाल सरकारको स्केल

६ अ.प्रयोगशाला सहायक, सहायक स्तर चौथो तह#
नेपाल सरकारको स्केल

आ.प्रयोगशाला सहायक, सहायक स्तर पाँचौ तह#
नेपाल सरकारको स्केल

इ.प्रयोगशाला सहायक, सहायक स्तर छैठौं तह ‍‍‍‍आन्तरिक बढुवाद्वारामात्र पूर्ति गरिने# :  नेपाल सरकारको स्केल

**ख. प्रशासनतर्फ :**

१. अधिकृत :नेपाल सरकारको स्केल

२. सहायक स्तरका पद :नेपाल सरकारको स्केल

२.उपदफा (१) (क) को १, २, ३, र ४ मा उल्लेख भएका पदहरु शिक्षकको रुपमा हुने र ५ र ६ मा उल्लेख भएका पदहरु सहायक शिक्षकको रुपमा रहनेछ ।

३. उपदफा (१) (ख) मा उल्लेख भएका पदहरुको तह देहाय बमोजिम हुनेछ :

क) अधिकृत स्तर

१. अधिकृत स्तर छैठौं तह

२. अधिकृत स्तर सातौं तह

ख) सहायकस्तर

**१. कार्यालय सहयोगी** #

क.  कार्यालय सहयोगी प्रथम स्तर

ख. कार्यालय सहयोगी द्रितीय स्तर

ग.  कार्यालय सहयोगी तृतीय स्तर

घ.  कार्यालय सहयोगि चौथौं स्तर

**१.१ हलुका सवारी चालक** #

क. हलुका सवारी चालक प्रथम

ख. हलुका सवारी चालक द्रितीय

ग. हलुका सवारी चालक तृतीय

घ. हलुका सवारी चालक चौथौं

**१.२ हेभी सवारी चालक** #

क. हेभी सवारी चालक प्रथम

ख. हेभी सवारी चालक द्रितीय

ग. हेभी सवारी चालक तृतीय



# २०७५ भदौ ३१ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

@ भनपाको मिति मिति २०७४ असार १६ गतेको बोर्ड निर्णयअनुसार सञ्चालक समिति पुनर्गठन गरिएको

* २०६६ असार १८ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

& २०७४ साउन १४ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

घ. हेभी सवारी चालक चौथौ
२. सहायक स्तर दोस्रो तह
३. सहायक स्तर तेस्रो तह
४. सहायक स्तर चौथो तह
५. सहायक स्तर पाँचौ तह

**४) प्रयोगशाला सहायक र कर्मचारी बढुवा हुन चाहिने योग्यता :#**

**क. प्रयोगशाला सहायक बढुवा हुन चाहिने योग्यता :**

१. प्रयोगशाला सहायक, सहायक स्तर पाँचौं तहको पदमा आन्तरिक बढुवाद्वारा पूर्ति गर्नको लागि पूर्णकालीन सेवामा सहायक स्तर चौथौ तहको पदमा रहि कम्तीमा १० वर्ष अटुट सेवा गरिसकेको हुनुपर्ने छ ।

२. प्रयोगशाला सहायक, छैठौं तहको पदमा आन्तरिक बढुवाद्वारा पूर्ति गर्नको लागि पूर्णकालीन सेवा सहायक स्तर पाँचौ तहको पदमा रहि कम्तीमा १० वर्ष अटुट सेवा गरिसकेको हुनुपर्ने छ ।

३. कुनै पनि पदमा बढुवा हुनको लागि बढुवा हुने पद भन्दा एक तह मुनिको पदका लागि चाहिने न्यूनतम शैक्षिक योग्यता अनिवार्य छ ।

**ख. कर्मचारी बढुवा हुन चाहिने योग्यता :#**

१. कार्यालय सहयोगी प्रथमस्तरको पदका कर्मचारीलाई स्तर वृद्धिको लागि पूर्णकालीन सेवामा कम्तीमा ५ वर्ष अटुट सेवा गरिसकेको हुनुपर्ने छ ।

२. हेभी तथा हलुका सवारी चालक पदका कर्मचारीलाई स्तर वृद्धिको लागि पूर्णकालीन सेवामा कम्तीमा ५ वर्ष अटुट सेवा गरिसकेको हुनुपर्ने छ ।

३. सहायक स्तर चौथौ तहको पद बढुवाद्वारा पूर्ति गरिने छैन ।

४. सहायक स्तर पाँचौं तहको पदमा आन्तरिक बढुवाद्वारा पूर्ति गर्नको लगि सहायक स्तर चौथौ तहको पदमा रहि पूर्णकालीन सेवामा कम्तीमा १० वर्ष अटुट सेवा गरिसकेको हुनुपर्ने छ ।

५. अधिकृत स्तर छैठौं तहको पदमा आन्तरिक बढुवाद्वारा पूर्ति गर्नको लागि सहायक स्तर पाँचौं तहको पदमा रहि पूर्णकालीन सेवामा कम्तीमा १० वर्ष अटुट सेवा गरिसकेको हुनुपर्ने छ ।

६. अधिकृत स्तर सातौं तहको पदमा बढुवाद्वारा पूर्ति गर्नको लागि अधिकृत स्तर छैठौं तहको पदमा रहि पूर्णकालीन सेवामा कम्तीमा ७ वर्ष अटुट सेवा गरिसकेको हुनुपर्ने छ ।



# २०७५ भदौ ३१ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

@ भनपाको मिति मिति २०७४ असार १६ गतेको बोर्ड निर्णयअनुसार सञ्चालक समिति पुनर्गठन गरिएको

* २०६६ असार १८ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

& २०७४ साउन १४ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

७. कुनै पनि पदमा बढुवा हुनको लागि बढुवा हुने पद भन्दा एक तह मुनिको पदका लागि चाहिने न्यूनतम शैक्षिक योग्यता अनिवार्य छ ।

**२१. पदपूर्ति :**

१. सञ्चालक समितिले उच्च मा.वि.मा रिक्त रहेको पद नयाफनियुक्ति वा बढुवाद्वारा पूर्ति गर्नसक्नेछ ।

२. रिक्त पदमा नियुक्ति हुनको लागि आवश्यक पर्ने न्यूनतम योग्यता, पदपूर्तिको विज्ञापन, परीक्षाको किसिमलगायत छनौट विधि उच्च मा.वि.ले निर्धारण गरेबमोजिम हुनेछ ।

३. स्थायी वा अस्थायी वा करार वा ज्यालादारीषआंशिकमा शिक्षक कर्मचारी नियुक्ति गर्न सकिनेछ ।

४. सेवामा रहेका शिक्षक तथा कर्मचारीको शैक्षिक योग्यता, कार्यक्षमता, जेष्ठता र कार्यसम्पादन समेतको मूल्या; नको आधारमा उच्च मा.वि.ले बढुवा गर्नेछ ।

५. यो विनियम लागू हुनु पूर्व पूर्णकालीन अस्थायी वा करार सेवामा सेवारत शिक्षकषकर्मचारीलाई आन्तरिक प्रक्रियाबाट स्थायी गर्नेछ ।

**२२. परीक्षणकाल:**

१. स्थायी नियुक्ति गर्दा ६ महिनाको परीक्षणकालमा गरिनेछ । सो अवधिमा निजको कार्य सन्तोषजनक नभएमा निजको नियुक्ति रद्द हुनेछ ।

२. परीक्षणकालमा रहेकाहरुको नियुक्ति सदर भएमा परीक्षणकालको अवधिलाई सेवा अवधिमा गणना गरिनेछ ।

२३. विशिष्ट प्राध्यापक तथा आगन्तुक शिक्षकसम्बन्धी व्यवस्था सञ्चालक समितिले विशेष दरबन्दी सिर्जना गरी कुनै अनुभवी र दक्ष स्वदेशी वा विदेशी व्यक्तिलाई बढीमा २ वर्षको करारमा आगन्तुक शिक्षकमा काम गराउन सक्नेछ । त्यस्ता आगन्तुक शिक्षकहरुलाई उच्च मा.वि.ले प्रचलित तलबमानभन्दा बढी तलब तथा अन्य सुविधा दिन सक्नेछ तर त्यस्तो सुविधा करारनामामा उल्लेख हुनुपर्नेछ । आगन्तुक शिक्षकको करार सेवामा कार्यरत अवधि सामान्यतया २ वर्षभन्दा बढी नहुने गरी करार नवीकरण गर्न सक्नेछ ।

२४. **कायमुकायम भई काम गर्ने :**कुनै पद कुनै कारणबाट रिक्त हुन आएमा सोभन्दा एक तहमुनिको पदमा कार्यरत कर्मचारीमध्येबाट सो रिक्त रहेको पदको काम सम्हाल्न सक्नेलाई सञ्चालक समितिले कायमुकायम मुकर्रर गर्न सक्नेछ ।



[#]२०७५ भदौ ३१ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

[@]भनपाको मिति मिति २०७४ असार १६ गतेको बोर्ड निर्णयअनुसार सञ्चालक समिति पुनर्गठन गरिएको

[*]२०६६ असार १८ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

[&]२०७४ साउन १४ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

२५. **निमित्त भई काम गर्ने :**

१. प्रशासकीय अधिकार प्रयोग गर्ने अधिकारी कुनै कारणले अनुपस्थित भएमा निजको मुनि काम गर्ने व्यक्तिलाई निमित्त भई काम गर्ने गरी सञ्चालक समिति वा अध्यक्षबाट तोक्न सकिनेछ ।

२. उपनियम (१) बमोजिम निमित्त भई काम गरेकोमा १५ दिनभन्दा कम अवधिका लागि कुनै प्रकारको भत्ता दिइनेछैन ।१५ दिनभन्दा बढी काम गरेकोमा काम गरेको पदको सुरु तलब स्केलबमोजिम तलब तथा भत्ता दिइनेछ ।

२६. **पदाधिकारी कायम रहने** : देहायको अवस्थामा शिक्षक तथा कर्मचारीको पदाधिकार कायम रहनेछ :

१. त्यस पदमा कामकाज गरिरहञ्जसम्म ।

२. बिदामा बसेको बखत ।

३. निलम्बन रहेको बखत ।

४. काजमा खटाईएको बखत र

५. कायममुकायम भई काम गरेको बखत ।

२७. **पद रिक्त हुने** :

१. यस विनियमअन्तर्गत उल्लिखित पदाधिकारीहरुको पद देहायको अवस्थामा रिक्त हुनेछ :

क. राजीनामा दिई स्वीकृत भएमा ।

ख. बहुलाएको प्रमाणित भएमा ।

ग. मृत्यु भएमा, वा

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भई कैदको सजाय पाएमा ।

=. अनुशासनको कार्वाहीमा परी सञ्चालक समितिबाट हटाइएमा ।

च. उच्च मा.वि.को हितविपरीत काम गरेकोमा सञ्चालक समितिबाट हटाइएमा ।

२. प्राचार्य र उपप्राचार्यको राजीनामा सञ्चालक समिति वा अध्यक्षबाट स्वीकृत हुनेछ ।

३. विभागीय प्रमुख, शिक्षक र कर्मचारीहरुको राजीनामा प्रचार्याबाट स्वीकृत हुनेछ ।



#२०७५ भदौ ३१ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

@भनपाको मिति मिति २०७४ असार १६ गतेको बोर्ड निर्णयअनुसार सञ्चालक समिति पुनर्गठन गरिएको

*२०६६ असार १८ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

&२०७४ साउन १४ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

## परिच्छेद ८
## बिदासम्बन्धी व्यवस्था

**२८. बिदा:**

१. उच्च मा.वि.का स्थायी, अस्थायी र मासिक करारमा नियुक्त शिक्षक तथा कर्मचारीलाई देहायबमोजिम बिदा सुविधा प्रदान गर्न सकिनेछ:

- क. घर बिदा
- ख. बिरामी बिदा
- ग. प्रसुति बिदा
- घ. पर्व बिदा
- =. भैपरी आउने बिदा
- च. क्रिया बिदा
- छ. अध्ययन बिदा
- ज. असाधारण बिदा

२. बिदा अधिकारका रुपमा माग गर्न पाइनेछैन । बिदा सहुलियतका रुपमा मात्र दिइनेछ । बिरामी बिदा, क्रिया बिदा, सुत्केरी बिदा बाहेक अन्य कुनै पनि बिदा स्वीकृत नगराई बस्न पाइने छैन ।

३. प्राचार्यको बिदा अध्यक्षले स्वीकृत गर्नेछ र उपप्राचार्य, विभागीय प्रमुख, शिक्षक र कर्मचारीहरुको बिदा प्राचार्यले स्वीकृत गर्नेछ । सो अधिकार प्रत्यायोजन पनि गर्न सकिनेछ । उपप्राचार्य बिदा स्वीकृतिको खबर अध्यक्षलाई दिनुपर्नेछ ।

**२९. घर बिदा:**

१. उच्च मा.वि.मा काम गर्ने शिक्षक वा कर्मचारीले वर्षको १८ दिन घर बिदा पाउनेछ । तर वर्षे बिदा वा हिउँदे बिदा पाउने शिक्षक वा कर्मचारीले घर बिदा र बिरामी बिदा पाउनेछैन ।

२. कुनै कारणले शिक्षक वा कर्मचारी सेवाबाट अलग्ग भएमा निजको सञ्चित रहेको घर बिदा बापत निजको पदाधिकार रहेको पदबाट खाइपाइआएको तलबको दरले हुन आउने रकम निजले एकमुष्ट लिन पाउनेछ ।

३. कुनै शिक्षक वा कर्मचारीको मृत्यु भएमा निजको सञ्चित घर बिदाको रकम मृत्यु हुँदाको अवस्थाको तलबको दरले हुने रकम निजको कानुनबमोजिमको हकवालालाई दिईनेछ ।

४. हिउँदे वा वर्षे बिदाको अवधि र समय कार्यक्रम समितिले तोकिएबमोजिम हुनेछ । हिउँदे वा वर्षे बिदा पाउने शिक्षक तथा कर्मचारीलाई बिदाको अवधिमा आवश्यकताअनुसार काम गराउन परेमा १ दिन काम गरेबापत १



[#] २०७५ भदौ ३१ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

[@] भनपाको मिति मिति २०७४ असार १६ गतेको बोर्ड निर्णयअनुसार सञ्चालक समिति पुनर्गठन गरिएको

[*] २०६६ असार १८ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

[&] २०७४ साउन १४ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

दिनको दरले घर बिदा पाउनेछ । यसरी आर्जन गरेको घर बिदा यसै विनियमबमोजिम उपभोग गर्न सकिनेछ ।

**३०. बिरामी बिदा:**

१. शिक्षक वा कर्मचारीले एक वर्ष सेवामा लागि १२ दिनसम्म बिरामी बिदा पाउनेछ । तर सात दिन भन्दा बढी अवधिको बिरामी बिदामा बस्ने शिक्षक वा कर्मचारीले मान्यता प्राप्त चिकित्सकको चिकित्सासम्बन्धी प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

२. कुनै शिक्षक वा कर्मचारीले पाउने बिरामी बिदा सञ्चित गरी राख्न सक्नेछ । तर असाधारण बिदा बसेको अवधिको बिरामी बिदा पाउनेछैन ।

३. सञ्चित बिरामी बिदा बापत कुनै शिक्षक वा कर्मचारी सेवाबाट अलग्ग भएमा निज बहाल रहेको पदबाट खाइपाइआएको तलबको दरले हुन आउने रकम निजले एकमुष्ट पाउनेछ ।

४. कुनै शिक्षक वा कर्मचारीको मृत्यु भएमा निजको सञ्चित बिरामी बिदाको रकम मृत्यु हुँदाको अवस्थाको तलबको दरले हुन आउने रकम निजको कानुनबमोजिमको हकलालाले पाउनेछ ।

**३१. प्रसूति बिदा:**

१. उच्च मा.वि.को स्थायी, अस्थायी र करार सेवामा कार्यरत कुनै महिला शिक्षक वा कर्मचारीलाई सुत्केरीका लागि सुत्केरी हुन भन्दा अगाडि वा पछाडि जम्मा ६० (साठी) दिनसम्मको बिदा दिईनेछ ।

२. उच्च मा.वि.मा कार्यरत पुरुष शिक्षक वा कर्मचारीकी पत्नी सुत्केरी हुँदा त्यस्ता पुरुष शिक्षक वा कर्मचारीलाई ७ दिनको प्रसूति स्याहार बिदा दिईनेछ । प्रसूति बिदा नोकरी अवधीभरिमा २ पटक भन्दा बढी दिईनेछैन ।

**३२. चाडपर्व बिदा:**

१. शिक्षक वा कर्मचारीले वर्षभरीमा बढिमा ६ दिनसम्मको पर्व बिदा पाउनेछ ।

२. पर्व बिदा सञ्चित हुनेछैन र यस्तो सञ्चित बिदाको तलब पनि पाइनेछैन ।

**३३. भैपरी आउने बिदा:**

शिक्षक वा कर्मचारीले १ वर्षमा बढीमा ६ दिनसम्मको भैपरी आउने बिदा पाउने । आकस्मिक परेकोमा बाहेक भैपरी आउने बिदा पूर्वस्वीकृति बेगर बस्न पाइनेछैन । यो बिदा सञ्चित हुनेछैन । कर्मचारीले भैपरी आउने बिदा आधा दिनको हिसाबले पनि लिन पाउनेछ ।

**३४. क्रिया बिदा:**

कुनै शिक्षक वा कर्मचारीको बाबु, आमा, लोग्ने वा पत्नी, छोरा वा अविवाहिता छोरी मरेको अवस्थामा र आफै क्रिया बस्न परेमा त्यस्ता शिक्षक वा



#२०७५ भदौ ३१ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनथप गरिएको

@भनपाको मिति मिति २०७४ असार १६ गतेको बोर्ड निर्णयअनुसार सञ्चालक समिति पुनर्गठन गरिएको

*२०६६ असार १८ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनथप गरिएको

&२०७४ साउन १४ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनथप गरिएको

कर्मचारीलाई काजक्रिया गर्न १५ दिनसम्मको क्रिया बिदा दिइनेछ । अविवाहित महिला शिक्षक वा कर्मचारीलाई बाबु वा आमा मर्दा १५ दिनसम्मको क्रिया बिदा दिइनेछ । महिला शिक्षक वा कर्मचारीको लोग्ने मरेको वा लोग्नेको बाबु वा आमा मरी आफ्नो लोग्नेले क्रियामा बस्नुपरे महिला शिक्षक वा कर्मचारीलाई पनि सोही अनुसारको बिदा दिइनेछ ।

**३५. अध्ययन बिदा:**

१. उच्च मा.वि.को सेवामा रहेका शिक्षक वा कर्मचारीलाई सञ्चालक समितिले अध्ययन बिदा दिन सक्नेछ ।

२. सञ्चालक समितिको निर्णय वा अध्यक्षको स्वीकृतिमा मात्र उच्च मा.वि.बाट शिक्षक तथा कर्मचारीलाई स्वदेश तथा विदेशको शिक्षण संस्थानमा छात्रवृत्तिमा अध्ययनको सिफारिसपत्र दिइनेछ । आवश्यक भए अध्ययनपछि यो उच्च मा.वि.मा पुनः सेवा गर्न आउने कबुलियतनामा गराउन सक्नेछ ।

**३६. असाधारण बिदा:**

कुनै बिदा बाकी नरहेको शिक्षक वा कर्मचारीलाई सम्पूर्ण सेवाअवधिमा अधिकतम ३ वर्षको र २ वर्षभन्दा बढी अस्थायी वा करार सेवामा भएकालाई पनि एकपटकमा एक महिनामा नबढाई सम्पूर्ण अस्थायी वा करार सेवाअवधिमा बढीमा २ महिनाको बेतलबी बिदा दिन सकिनेछ ।

**३७. बिदा उपभोग गर्न नपाउने:**

यस विनियममा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिबाट अत्यावश्यक सेवाका भनी तोकिएका कर्मचारीहरुले कुनै पनि सार्वजनिक बिदा पाउनेछैनन् । निजहरुले १ वर्षमा १० दिन बिदा पाउनेछन् । आर्थिक वर्षको अन्त्यमा सार्वजनिक बिदामा काम गरेको बापत रकम खाइपाइ आएको तलबको अनुपातमा दिइनेछ ।

**३८. फिर्ता बोलाउन सकिने :**

उच्च मा.वि.को आवश्यकता वा बिदाको उद्देश्यअनुरुप उपभोग भएको नदेखेमा अध्ययन बिदा वा असाधारण बिदा बसेको कुनै पनि शिक्षक वा कर्मचारीलाई फिर्ता बोलाई उच्च मा.वि.को सेवामा लगाउन सकिनेछ ।

## परिच्छेद ९
## पारिश्रमिक

**३९. तलब, भत्ता र सुविधा:**

१. उच्च मा.वि.को सेवामा रहेको शिक्षक तथा कर्मचारीले आफ्नो पदमा बहाल गरेको दिनदेखि पदअनुसारको तलब, भत्ता र अन्य सुबिधा



[#] २०७५ भदौ ३१ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

[@] भनपाको मिति मिति २०७४ असार १६ गतेको बोर्ड निर्णयअनुसार सञ्चालक समिति पुनर्गठन गरिएको

[*] २०६६ असार १८ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

[&] २०७४ साउन १४ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

पाउनेछन् । शुरु तलबमान नेपाल सरकारले व्यवस्था गरेको बमोजिम हुनेछ ।

२. उच्च मा.वि. सेवाका शिक्षक तथा कर्मचारीले उच्च मा.वि. सेवामा रही काम गरेबापत पाउने भत्ता र अन्य सुबिधाहरु सञ्चालक समितिले समय··· समयमा तोकेबमोजिम हुनेछ ।

३. उच्च मा.वि. सेवाका शिक्षक तथा कर्मचारीले प्रत्येक महिनाको तलब भत्ताको भुक्तानी पाउनेछन् ।

४. कुनै शिक्षक तथा कर्मचारीको पाकेको तलब भत्ता सेवामा नरहेमा पनि पाउनेछन् ।

५. उच्च माविको निर्णयबमोजिम बाहेक कुनै शिक्षक तथा कर्मचारीको तलब कट्टी गर्न पाइने छैन ।

६. यस विनियमबमोजिम बिदामा बस्दा वा अन्य अवस्थामा तलब नपाउने भनी स्पष्ट उल्लेख गरिएकोमा बाहेक शिक्षक तथा कर्मचारीले पाउने तलब सो शिक्षक वा कर्मचारी काम गरिरहेको वा बिदा बसेको बखत रोकिनेछैन ।

७. शिक्षक र कर्मचारीको अन्य सुविधा उच्च मा.वि.को निर्णयबमोजिम हुनेछ ।

**४०. कल्याण कोष व्यवस्था :**

उच्च मा.वि.मा सेवारत अस्थायी शिक्षक र कर्मचारीको प्रोत्साहन स्वरुप १ वर्ष अवधि पुगेकालाई उच्च मा.वि.ले कल्याण कोषको व्यवस्था गर्नेछ । शिक्षक र कर्मचारी स्थायी भएपछि सञ्चयकोषको व्यवस्था गर्नेछ ।

**४१. ग्रेडको व्यवस्था:**

१. उच्च मा.वि.मा सेवारत अस्थायी शिक्षकहरुलाई प्रोत्साहन स्वरुप १ वर्ष अवधि पुगेकालाई ग्रेडको व्यवस्था गर्नेछ ।

२. उच्च मा.वि.मा सेवारत अस्थायी कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप २ वर्ष अवधि पुगेकालाई ग्रेडको व्यवस्था गर्नेछ ।

**४२. खाजा भत्ता र लुगा भत्ता:**

उच्च मा.वि.मा सेवारत कर्मचारीहरुलाई प्रोत्साहनस्वरुप उच्च मा.वि.को निर्णयअनुसार खाजा भत्ता र लुगा भत्ताको व्यवस्था गर्नेछ भने शिक्षकहरलाई खाजा भत्ता उपलब्ध गर्नेछ ।

**४३. दैनिक भ्रमण भत्ता:**

१. पदाधिकारी, शिक्षक तथा कर्मचारीले उच्च मा.वि.को कामका सिलसिलामा स्वदेश तथा विदेशमा भ्रमण गर्नुपर्दा पाउने दैनिक भ्रमणभत्ता र अन्य सुविधा नेपाल सरकारको ऐन, नियम र संचालक समितिले तोकेबमोजिम हुनेछ ।



# २०७५ भदौ ३१ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

@ भनपाको मिति मिति २०७४ असार १६ गतेको बोर्ड निर्णयअनुसार सञ्चालक समिति पुनर्गठन गरिएको

* २०६६ असार १८ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

& २०७४ साउन १४ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

२. भ्रमणमा गएका शिक्षक र कर्मचारीले १५ दिनभित्र आफ्नो अनुभवसहित प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**४४. निलम्बन भएमा पाउने तलब:**

१. कुनै शिक्षक तथा कर्मचारी यस विनियम बमोजिम कारबाहीका सिलसिलामा निलम्बनमा परेमा सो निलम्बन अवधिभर निजले आफ्नो तलबको आधा तलब पाउनेछ । तर लागेको आरोप प्रमाणित नभई निजले सफाइ पाएमा निलम्बन रहेको अवधिमा आधा तलब लिई सकेको भए सो कट्टा गरी र नलिएको भए पूरै (तलब वृद्धि भएको भएमा सो समेत) पाउनेछ । कसुरदार ठहरी सेवाबाट हटाइएमा निलम्बन भएको मितिदेखिको बाँकी तलब पाउनेछैन ।

२. कुनै शिक्षक तथा कर्मचारी नैतिक पतन देखिने फौजदारी अभियोगमा वा प्रचलित कानुनअन्तर्गत थुनामा परेकोमा त्यसरी थुनामा परेको अवधिभर स्वत: निलम्बन भएको मानिनेछ । यसरी स्वत: निलम्बन भरेकोमा निलम्बन अवधिभर निजले तलब पाउनेछैन । तर अभियोगबाट सफाइ पाएमा उच्च मा.वि.को निर्णयअनुसार तलब पाउनेछ ।

**४५. चाडपर्व खर्च:**

उच्च मा.वि.को सेवामा रहेका स्थायी, अस्थायी, करार शिक्षक तथा कर्मचारीलाई निजले खाइपाइआएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चका रुपमा दिइनेछ । तर चाडपर्व विदाभन्दा अघि कम्तीमा ६ महिनाको सेवा पूरा नभएको अस्थायी शिक्षक वा कर्मचारीको हकमा चाडपर्व खर्च पाइने छैन ।

**४६. उपचार खर्च:**

उच्च मा.वि.को सेवामा रहेका शिक्षक तथा कर्मचारीलाई उच्च मा.वि.को कामको सिलसिलामा यात्रा गर्दा वा कुनै काम गर्दा दुर्घटनामा परी चोटपटक लाग्न गई घाइते भएमा उच्च मा.वि.ले संचालक समितिको निर्णयअनुसार औषधी उपचार सहयोग गर्नेछ ।

४६. क. **औषधी उपचार खर्च** :# विद्यालयको सेवामा न्युनतम ५ वर्ष अटुट सेवा गरिसकेका पूणकालीन शिक्षक र कर्मचारीको स्वास्थ्य उपचार गर्न पचास हजार रुपैयाभन्दा बढी खर्च लाग्ने भएमा स्वीकृति प्राप्त चिकित्सकको प्रेस्क्रिप्सनअनुसार देहायमा तोकिएको रकममा नबढ्ने गरी एक पटक वा पटक पटक गरी कलेज सञ्चालक समितिको निर्णयअनुसार औषधी उपचार खर्च दिइनेछ :



# २०७५ भदौ ३१ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

@ भनपाको मिति मिति २०७४ असार १६ गतेको बोर्ड निर्णयअनुसार सञ्चालक समिति पुनर्गठन गरिएको

* २०६६ असार १८ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

& २०७४ साउन १४ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

१.अधिकृतस्तरका शिक्षकष कर्मचारी भए :

खाइपाइ खाएको तलबमानको १२ महिनाको रकम

२. सहायकस्तरका शिक्षकष कर्मचारी भए :

खाइपाइ खाएको तलबमानको १८ महिनाको रकम

३. श्रेणीविहिन कर्मचारी भए :

खाइपाइ खाएको तलबमानको १८ महिनाको रकम

४७. **दाहासंकार खर्च :**# विद्यालयमा सेवामा रहेको अवस्थामा अटुट पूर्णकालीन शिक्षक वा अटुट पूर्णकालीन कर्मचारीको मृत्यु भएमा निजको दाह संस्कारबापत खाइपाइ आएको तलबमानको एक महिना बराबरको रकम निज मृतकको नजिकको हकवालालाई दिइनेछ ।

४८. **मरणोपरान्त अनुदान :**#विद्यालयको सेवामा रहेका अटुट पूर्णकालीन शिक्षक वा अटुट पूर्णकालीन कर्मचारीको सेवाअवधिको क्रममा मृत्यु भएमा शिक्षक वा कर्मचारीको खाइपाइ आएको तलबमानको एक महिना बराबरको रकम निजको नजिकको हकवाललाई एकमुष्ट दिइनेछ ।

४९. **सञ्चित बिदाको रकम:**

उच्च मा.वि.मा सेवारत शिक्षक वा कर्मचारीले आर्थिक वर्षको अन्तमा ३० दिन भन्दा बढि हुन आएको सञ्चित बिदाको रकम लिन सकिनेछ । सञ्चित बिदाको रकम दिंदा खाइपाई आएको शुरु तलबस्केलको आधारमा दिइनेछ । प्रत्येक तीन महिनामा संचित बिदाको अभिलेख सञ्चालक समितिमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद –१०
## अवकाश, उपदान र निवृत्तिभरण

५०. **अनिवार्य अवकाश:**

१. विद्यालयमा सेवामा कार्यरत पूर्णकालीन शिक्षकको उमेर ६३ वर्ष भएछि र पूर्णकालीन कर्मचारीको उमेर ६० वर्ष पूरा भएपछि निजलाई विद्यालय सेवाबाट अनिवार्य अवकाश दिइनेछ । तर निज शिक्षक तथा कर्मचारीको सेवा विद्यालयको लागि आवश्यक ठानिएमा करार सेवामा नियुक्ति गर्न सक्नेछ #

२. २० वर्षसम्म अटुट सेवा गरिसकेका विद्यालयका पूर्णकालीन शिक्षक वा पूर्णकालीन कर्मचारी स्वेच्छिक अवकाश लिन चाहेमा निजलाई विद्यालयले सेवाबाट अवकाश दिन सक्नेछ ।#



# २०७५ भदौ ३१ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

@ भनपाको मिति मिति २०७४ असार १६ गतेको बोर्ड निर्णयअनुसार सञ्चालक समिति पुनर्गठन गरिएको

* २०६६ असार १८ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

& २०७४ साउन १४ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

**५१. सेवाअवधिको गणना:**

यस परिच्छेदको प्रयोजका निमित्त सेवाअवधिको गणना गर्दा उच्च मा.वि.को करार वा अस्थायी सेवामा रही अटुट सेवा गरी स्थायी वा अस्थायी भएको र स्थायी नियुक्ति भई सेवा गरेको परीक्षणकालको अवधि तथा निलम्बनमा रहेको अवधिसमेत गणना गरिनेछ ।

**५२. उपदान:**

५ वर्ष वा सो भन्दा बढी समय विद्यालयमा अटुट सेवा गरेका पूर्णकालीन शिक्षक र अटुट सेवा गरेका पूर्णकालीन कर्मचारीले अवकाश लिएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा आफूले काम गरेको अवधि अनुसार देहायको सुत्रबमोजिम उपदान पाउने छ ।[#]

उपदान रकम = सेवा गरेको महिनाको अवधि x सेवा गरेको आखिरी महिनाको ५ प्रतिशत[#]

## परिच्छेद ··११
## विविध

**५३. विनियमको व्याख्या:**

१. यस विनियमको व्याख्या उच्च मा.वि. सञ्चालक समितिले गर्नेछ ।

**५४. बाधा अड्काय फुकाउ :**

१. यस विनियमबमोजिम कामकाज वा कारबाही गर्दा गराउँदा कुनै बाधा अड्काउ पर्न गएमा त्यस्ता बाधा अड्काउ हटाउने वा फुकाउने अधिकार उच्च मा.वि. सञ्चालक समितिलाई हुनेछ ।

**५५. काम कारबाही वैध हुने:**

यो विनियम लागू हुनुभन्दा अगाडि उच्च मा.वि. सञ्चालनमा भए गरेका काम कारवाही प्रचलित ऐन, नियम र यो विनियमअनुसार भए गरेको मानिनेछ ।

**५६. असल नियतले काम गरेकोमा बचाउ :**

यस विनियमबमोजिम असल नियतले गरेको कुनै काम कारबाहीका सम्बन्धमा उच्च मा.वि.को सञ्चालक समिति, पदाधिकारी, सदस्य, शिक्षक वा कर्मचारीउपर कारबाही गरिनेछैन ।

**५७. आचरण:**

उच्च मा.वि.का शिक्षक तथा कर्मचारीहरुले देहायबमोजिमको आचरण पालन गर्नुपर्नेछ :

१. शिक्षक तथा कर्मचारीले उच्च मा.वि.ले तोकेको समयमा नियमितरुपमा आफू कार्यरत निकायमा हाजिर हुनुपर्दछ र बिदा स्वीकृत नगराई अनुपस्थित हुनु हुँदैन ।



[#] २०७५ भदौ ३१ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

[@] भनपाको मिति मिति २०७४ असार १६ गतेको बोर्ड निर्णयअनुसार सञ्चालक समिति पुनर्गठन गरिएको

[*] २०६६ असार १८ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

[&] २०७४ साउन १४ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

२. अधिकार प्राप्त अधिकारीको आदेशले बाहेक कुनै शिक्षक वा कर्मचारीले कर्तव्य पालनको क्रममा प्राप्त गरेको कुनै जानकारी वा आफूले लेखेको वा स; लन गरेको कुनै कागजात वा कुनै वृत्तान्त प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै सञ्चार माध्यम वा अनधिकृत व्यक्तिलाई सूचना दिनु हुदैन ।

३. शिक्षक तथा कर्मचारीहरुले उच्च मा.वि.मा आफूले निर्वाह गर्नुपर्ने दायित्व तथा कर्तव्य इमानदारीसाथ निर्वाह गर्नुपर्छ र उच्च मा.वि.को कुनै पनि किसिमको सम्पत्तिको हानि नोक्सानी गर्नुहुदैन ।

४. शिक्षक तथा कर्मचारीले उच्च मा.वि.को उद्देश्य र मर्यादाको प्रतिकूल हुने गरी कुनै पेशा वा व्यवसाय सञ्चालन गरी उच्च मा.वि.को जिम्मेवारी र गहनता तथा प्राज्ञिक तथा पेशागत मर्यादामा अनास्था पैदा हुने कार्य गर्नुहुदैन ।

५. शिक्षक तथा कर्मचारीले उच्च मा.वि.को निर्णय, आदेश, विनियमको पालना गर्नुपर्छ ।

६. शिक्षक तथा कर्मचारीले उच्च मा.वि.को काममा सबैलाई सहयोग गर्नुपर्छ ।

७. शिक्षक कर्मचारीले पदअनुसारको आचरणको प्रतिकूल कार्य गर्नुहुदैन ।

५८. **सजाय:** शिक्षक तथा कर्मचारीलाई उचित र पर्याप्त कारण भएमा सामान्य सजाय र विशेष सजाय गर्नसक्नेछ ।[&]

शिक्षक तथा कर्मचारीलाई उचित र पर्याप्त कारण भएमा देहायबमोजिम सजाय गर्न सक्नेछ ।[&]

क. नसिहत दिने

ख. निलम्बन गर्ने

ग. बढीमा २ ग्रेड तलब बृढि रोक्का गर्ने ।

घ. बढीमा २ वर्षसम्मको लागि बढुवा रोक्का गर्ने ।

ङ. भविष्यमा विद्यालय सेवाका निमित्त अयोग्य नठहरिने गरी सेवा मुक्त गर्ने ।

च. भविष्यमा विद्यालय सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवा मुक्त गर्ने ।

५९. देहायको अवस्थामा शिक्षक तथा कर्मचारीलाई नियम ५८ (क), (ख), (ग), (घ) अन्तरगतको सजाय गर्न सकिनेछ:[&]

१. काम सन्तोषजनक नभएमा ।

२. तोकिएको म्यादभित्र हाजिर नभएमा वा तोकिएको जिम्मेवारी बहन गर्न इन्कार गरेमा ।

३. पूर्वस्वीकृति नलिई बराबर अनुपस्थित रहने गरेमा ।

४. अनुशासनहीन काम गरेमा ।

५. आचरणसम्बन्धी प्रावधान उल्लङ्घन गरेमा ।



[#] २०७५ भदौ ३१ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

[@] भनपाको मिति मिति २०७४ असार १६ गतेको बोर्ड निर्णयअनुसार सञ्चालक समिति पुनर्गठन गरिएको

[*] २०६६ असार १८ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

[&] २०७४ साउन १४ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

६. बुझबुझारथ नगरेमा ।

६०. देहायको अवस्थामा शिक्षक तथा कर्मचारीलाई नियम ५८(=), (च) अन्तर्गतको सजाय गर्न सकिनेछ:[&]

१. आफ्नो काम कर्तव्यमा गम्भीर लापरवाही गरेमा ।
२. तोकिएको जिम्मेवारी पूरा गर्न असक्षम भएमा ।
३. विद्यालयबाहेक अन्य निकायमा पूर्व स्वीकृति नलिई कुनै रोजगारी स्वीकार गरेमा ।
४. लगातार १महिनासम्म कलेजमा विनासूचना अनुपस्थित भएमा ।
५. भ्रष्टाचार गरेमा ।
६. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुर प्रमाणित भई कैदको सजाय पाएमा ।
७. सेवाको प्रयोजनका लागि पेश गरेको शैक्षिक प्रमाणपत्र नक्कली ठहरेमा ।

६१.**सजाय सम्बन्धी कार्यविधि:**[&]

१. सञ्चालक समितिको अध्यक्षले प्राचार्य, उपप्राचार्य र अन्य शिक्षक कर्मचारीहरुलाई सजायसम्बन्धी कार्वाही गर्न सक्नेछ ।
२. प्राचार्यले अध्यक्षसँग परामर्श गरी विभागीय प्रमुख, शिक्षक तथा कर्मचारीहरुलाई सजायसम्बन्धी कार्वाही गर्न सक्नेछ ।
३. सजाय दिन पाउने अधिकारीले कुनै शिक्षक तथा कर्मचारीलाई सजाय गर्ने आदेश दिनुभन्दा अघि निजलाई आफ्नो सफाईको मौकाबाट बञ्चित गरिने छैन ।

६२. **पुरस्कार तथा प्रोत्साहनको व्यवस्था:** उच्च मा.वि.मा सेवारत शिक्षक र कर्मचारीको वृत्ति विकास गर्न उच्च मा.वि.ले प्रोत्साहन पुरस्कारको व्यस्था गर्न सक्नेछ ।

६३. यो विनियमको व्यवस्था बाहेक सञ्चालक समितिबाट भएका निर्णयहरु यसैको अक्षको रुपमा मानिनेछ ।

६४. सार्वजनिक बिदा कटौटी गरी उच्च मा.वि.को पढाई सञ्चालन गर्न सकिनेछ ।

६५. **बजेट प्रणाली:**

१. विभाग र शाखाहरुबाट प्राप्त अनुमानित बजेट विवरणमाथि सञ्चालक समितिले विस्तृत छलफल गरी बजेट बनाइनेछ ।
२. **बजेटको कार्यान्वयन:** सञ्चालक समितिबाट पारित बजेटलाई उच्च मा.वि.को निर्णयअनुसार प्राचार्यले कार्यान्वयन गरिनेछ ।
३. बजेट खर्च तथा सामान खरिद: उच्च मा.वि.को बजेट खर्च तथा उच्च मा.वि.को लागि आवश्यक सामान खरीद गर्दा स्थानीय निकाय आर्थिक



[#] २०७५ भदौ ३१ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

[@] भनपाको मिति मिति २०७४ असार १६ गतेको बोर्ड निर्णयअनुसार सञ्चालक समिति पुनर्गठन गरिएको

[*] २०६६ असार १८ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

[&] २०७४ साउन १४ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

प्रशासन नियमावली, २०६४ अनुसार गर्नेछ । सो नियमावली कार्यान्वयनमा बाधा अड्काउ पर्न आएमा उच्च मा.वि.को निर्णयअनुसार हुनेछ ।

क. **बजेट खर्च तथा सामान खरिद** : प्राचार्यले स्थानीय सरकार संचालन ऐन, नियम , विनियम र प्रचलित कानुन र विद्यालय संचालक समितिको निर्णयलाई पालना गरी बजेट खर्च तथा सामान खरिद गर्नेछ ।[#]

ख. **कोषको व्यवस्था** : विद्यालयले पूर्णकालीन शिक्षक तथा कर्मचारीहरुको औषधी उपचार, दाहसंस्कार खर्च मरणोप्रान्त अनुदान र उपदानसमेत व्यवस्थाको लागि प्रत्येक वर्ष पूर्णकालीन शिक्षक तथा पूर्णकालीन कर्मचारीले खाइपाइआएको तलवमानको एक महिनाको तलबमान बराबरको रकम जम्मा गरी छुट्टै कोषको व्यवस्था गर्नेछ ।[#]

४. **लेखा परिक्षण** :[#]

क. उच्च मा.वि.को वार्षिक आय व्ययको लेखा परिक्षण भक्तपुर नगरपालिकाद्वारा नियुक्त लेखा परीक्षकबाट हुनेछ ।

ख. **आन्तरिक लेखा परीक्षण** : विद्यालयको वार्षिक आय व्ययको आन्तरिक लेखा परीक्षण भक्तपुर नगरपालिकाको आन्तरिक लेखा परीक्षकबाट गरिनेछ ।[@]

५. सामान भाडामा दिने व्यवस्था : सञ्चालक समितिको निर्णयअनुसार उच्च मा.वि.का सामानहरु भाडामा दिन सकिनेछ ।

६. प्रयोगशाला परिक्षण शुल्कः सञ्चालक समितिको निर्णयअनुसार उच्च मा.वि.मा रहेका प्रयोगशालामा सार्वजनिकषनिजी सामानहरु सशुल्कषनिःशुल्क परिक्षण गर्न सकिनेछ ।



[#] २०७५ भदौ ३१ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

[@] भनपाको मिति मिति २०७४ असार १६ गतेको बोर्ड निर्णयअनुसार सञ्चालक समिति पुनर्गठन गरिएको

[*] २०६६ असार १८ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

[&] २०७४ साउन १४ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

## अनुसूची १

यो विनियमको नियम ४ अनुसार उच्च मा.वि.को देहायबमोजिमको उच्च मा.वि. छाप हुनेछ :

उच्च मा.वि. छाप (अंग्रेजी)



#२०७५ भदौ ३१ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

@भनपाको मिति मिति २०७४ असार १६ गतेको बोर्ड निर्णयअनुसार सञ्चालक समिति पुनर्गठन गरिएको

*२०६६ असार १८ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

&२०७४ साउन १४ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

## अनुसूची २

यो विनियमको नियम ५ अनुसार उच्च मा.वि.को देहाय बमोजिमको सांगठनिक संरचना हुनेछ :

ख्वप उच्च मा.वि.

↓

सञ्चालक समिति

↓

अध्यक्ष

↓

प्राचार्य

↓

उप प्रचार्य

↓

| सामान्य प्रशासन | प्राज्ञिक प्रशासन |
|---|---|
| प्रशासन शाखा | विज्ञान तथा प्रविधि अध्ययन विभाग |
| लेखा शाखा | व्यवस्थापन विभाग |
| जिन्सी शाखा | मानविकी तथा सामाजिकशास्त्र विभाग |
| पुस्तकालय शाखा | परीक्षा विभाग |

आज्ञाले

(यामलाल अधिकारी)

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०७६।३।२६ गते

मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८



# २०७५ भदौ ३१ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

@ भनपाको मिति मिति २०७४ असार १६ गतेको बोर्ड निर्णयअनुसार सञ्चालक समिति पुनर्गठन गरिएको

* २०६६ असार १८ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको

& २०७४ साउन १४ गतेको सञ्चालक समितिको निर्णयअनुसार संशोधनषथप गरिएको